हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल सरेको सूचना

स्वस्थ्य र ताजा खाना, नास्ता, एटेच बाथरुमसँगै हल, फ्रि वाइफाईको व्यवस्थासहितको जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल १२ कात्तिक २०७७ देखि पुरानै ठाउँमा सरेको व्यहोरा समस्त ग्राहक महानुभावहरुमा सूचित गरिन्छ ।

प्रोप्राइटर : परशुराम चौधरी

जय श्री लक्ष्मी गेष्ट हाउस एण्ड होटल

लहान ७, मुख्य सडक, दुलिचन्द अतिथि सदनको नजिकै पश्चिमपट्टि

फो.नं. ०३३५६१२१२ मो. ९८४२८४०६३२, ९८१४७९०५५४

वर्ष : ०१ अंक : ११६ पृष्ठ : ४ २०७७ मंसिर ११ गते विहीबार (Thursday 26 November 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## ४० वर्षदेखि फलफूलको भर

जीउनका लागि गाँस, बास र कपास अनिवार्य हुन्छ । मानवलाई हरेक छाँक अन्नसहितको भोजन चाहिन्छ । तर, सिरहा नौडेगाका ७५ वर्षीय शिव प्रसाद महतो ३१ वर्षदेखि अन्न भोजन नगरिकनै सादगी जीवन व्यतित गरिरहेकाछन् ।

भन्छन् '४० वर्षदेखि अन्न सेवन गरेको छुइन ।' उनी भात, रोटी लगायत अन्नको परिकार सेवन गर्दैनन् । त्यत्तिमात्र होइन उनी नुन समेत सेवन गर्दैनन् । ४० वर्षदेखि फलफूलको भरमा छन् । चिया समेत सेवन नगर्ने उनको मुख्य भोजन फलफुल, दुध, दही मात्र हो ।

सीजनमा आफ्नै करेसाबारीमा फलेको आँप, कटहर, लिचि, सरीफा लगायत फलफूल उनको मुख्य भोजन हो । त्यसको अलवा बारीमा उब्जाएको सीमि, बन्दा, काउली, केराउ, सजिवन, फर्सी लगायत तरकारी उसीनेर खान्छन् । त्यसमा नुनको प्रयोग गर्दैनन् । पहिलादेखि नै वैष्णव उनी २०४५ सालदेखि फलाहार (फलफूल) भोजन गर्न थालेका हुन । 'त्यसभन्दा अघि भोजनमा भात, रोटी शाकाहारी भोजन गर्थे' विगत सुनाउदै शिव प्रसाद महतोले भने 'नौडेगाबासीको बलान खोला छेउको ऐलानी जग्गा वन कार्यालयले कब्जा गरेर वृक्षारोपण गर्न थालेपछि गाउले त्यसको प्रतिकारमा उत्रिए ।'

त्यही क्रममा उनी लगायत परसी दास, फल्टा चौधरी, अचकलाल चौधरी, राजलाल यादव लगायतलाई वन कार्यालयले २०४५ सालमा पक्राउमा परे । २१ दिन उनीहरू वनको थुनामा परे । थुनुवाहरूलाई एकै ठाउमा भात पकाइन्थ्यो । त्यही क्रममा मासुको समेत लतपत भएपछि वैष्णव उनले पाूच दिनसम्म भात खाएनन् । त्यहाँदेखि फलफुल खान थालेका उनले अन्नको भोजननै त्याग गरिदिए । 'त्यसपछि नुन, अन्न लगायत भात रोटी खानै छोडिदिए' उनी भन्छन् 'अब फलफूल बाहेक अन्य खानेकुरामा मन नै जादैन, फलफुल भोजन स्वास्थ्यको लागि समेत लाभदायक रहेछ ।' त्यसो त उनका बाजे फनिलाल, वुवा शोभितलाल पनि वैष्णव थिए । तर, उनीहरू भोजन गर्थे । कविर दासलाई गुरू मान्थे । शिव प्रसाद पनि कविर पन्थी हुन । उनी पनि बाबु बाजेलाई पछ्याउँदै कविर पन्थी बनेका हुन । फरक यत्ती उनी अन्नको भोजन सेवन गर्दैनन् ।



भन्छन् 'म सूर्यले पकाईदिएको भोजन सेवन गर्छु अर्थात 'फलफूल' । फलफूल भोजन गर्न थालेदेखि अहिलेसम्म उनी बिरामी परेका छैनन् । उमेरले बुढ्यौलीले छोप्न खोजेपनि उनी तन्दुरूस्त छन् । हरेक दिन उनी साइकलमा यात्रा गर्छन । भारतको जयनगर, लौकाहा, ठाडी अनि सिरहाका गाउँघर बुढ्यौली उमेरमा पनि उनी साइकलकैं भरमा यात्रा तय गर्छन । उनको यात्राको साथी बनेको छ इन्डियन 'साइकल' ।

४० वर्षदेखि फलफूल सेवन गर्दै आएका उनी बजारमा बिक्रीका लागि राखिएको खानेकुरा सेवनले मानव स्वास्थ्यमा असर गरिरहेकाले सबैलाई सके फलफुल सेवन र त्यसो गर्न नसके आफ्नै बारीमा उब्जाएको खानेकुरा प्रयोग गर्न सुझाउँछन् ।

## जबरजस्ती करणी आरोपमा मुस्लिम धर्मगुरु पक्राउ

लहान । जबरजस्ती करणी आरोपित मुस्लिम धर्मगुरू मौलवीलाई प्रहरीले लहान बजारबाट पक्राउ गरेका छन् । उनीमाथि अनुसन्धानका लागि सरकारी वकिल कार्यालय मार्फत अदालतले बुधबार ५ दिनको म्याद थप गरेको छ ।

पक्राउ पर्नेमा मिर्चैया नगरपालिका–१० का मोहम्मद अली हसन रहेको इलाका प्रहरी कार्यालय लहानका प्रमुख डिएसपी शरत थापा क्षेत्रीले बताए । उनका अनुसार लहान नगरपालिका–७ की एक २३ वर्षीया मुस्लिम युवतीलाई पक्राउ परेका आरोपितले बलात्कार गरेको आरोप छ ।

अली हसनले लहान नगरपालिका–१० स्थित डेरामा झारफुकको नाममा बलात्कार गरेको पीडित पक्षको आरोप छ ।

## हार्दिक समवेदना



जन्म
वि.सं. १९८९।०६।०३ गते

स्वर्गारोहण
२०७७।०८।०२ गते

### स्व. रमेश कुमार शर्मा

नेपाल रेडक्रस सोसाइटीका संस्थापकएवं पूर्व अध्यक्ष, रमेश कुमार शर्मा ने.रे.सो जुनियर/यूवा उत्कृष्ट पुरस्कार अक्षय कोष सिरहाका संस्थापक र समाज सेवाका प्रतिमुर्ति वरिष्ठ समाजसेवी श्री रमेश कुमार शर्माको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगतआत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

अन्तर्राष्ट्रिय रेडक्रस अभियानतथा साझेदार निकायहरुसँगको सहकार्य, समन्वयमार्फत् नेपाल रेडक्रसको छवि अभिबृद्धि गर्न उहाँको अतुलनीय योगदान रहेको थियो ।

शालीन व्यक्तित्वका धनी शर्मालाई गुमाउनु परेको यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति मिलोस् भनी ईश्वरसँग प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

राजदेवयादव
सभापति
तथा
नेपाल रेडक्रस सोसाइटी
सिरहा जिल्ला शाखा, सिरहा सम्पूर्ण परिवार

*१३ औंदिनको पुण्यतिथि २०७७।०८।१४ गते*







## फ्रेन्डस मोडल हस्पिटल, लहान-८

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

डाक्टरहरू
बालरोग विशेषज्ञ — डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर — डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ — डा. विरेन्द्र यादव

# कृषकको पाना

## स्क्वास फर्सी उत्पादन प्रविधी

**परिचय**

काक्रो, फर्सी समूहमा लहरे तरकारी बालीहरू पर्दछन् । जस्तै : काक्रो, फर्सी, घिरौला, लौंका, तरबुजा, खरबुजा, चिचिण्डा, इस्कुस, परबल आदि ।

**हावापानी**

यो बालीको खेती न्यानो तथा गर्मी मौसममा राम्रो हुन्छ । सरदर २५ डिग्रीदेखि ३० डिग्रीको तापक्रममा बोटको वृद्धि तथा फल लाग्नको लागि उपयुक्त हुन्छ । तर न्यूनतम तापक्रम वा रातको तापक्रम १५ डिग्री भन्दा तल जानु हुदैन । यसो भयो भने फल लाग्दैन र लागि हाल्यो भनेपनि फल बांगो टिंगो तथा डमरू आकारका हुन्छन् । यो बाली तुषारो पटक्कै खप्न सक्दैनन् । त्यसैले नेपालको तराई, खोच, वेसी र मध्य पहाडमा विभिन्न मौसममा खेती गरिन्छ ।

**माटोको किसिम**

बलौटे वा बलौटे दोमट र पांगो दुमट माटो बढी उपयोगी हुन्छ । माटोको पि.एच. ५.८ को साथै खेती गरीने जमिन मलिलो तथा राम्रोसंग पानीको निकास हुने हुनुपर्दछ ।

**बाली लगाउने समय**

स्क्वास फर्सी तराईमा फागुन मध्य पहाडमा फागुनदेखि चैत र उच्च पहाडमा बैशाखदेखि जेठ महिनालाई बाली लगाउने उपयुक्त समय मानिन्छ ।

**जत**

क) ग्रे जुकिनी ३५ मे.टन हेक्टरमा
ख) फ्रेस ग्रीन २४ मेटन हेक्टरमा
ग) व्ल्याक व्यूटी २३ मे.टन हेक्टरमा

**बीउ दर**

१०० ग्राम प्रति रोपनी, बोट संख्या १२५ प्रति रोपनी

**जमीनको तयारी**

दुईदेखि तीन पटक खनजोत गरी माटो राम्ररी खुकुलो पार्नु पर्दछ । कम्पोष्ट १००० देखि १२०० किलोग्राम, नाइटोजन दुई किलोग्राम, फोसफोरस तीन किलोग्राम र पोटास दुई किलोग्राम प्रति रोपनी हाल्नुपर्दछ ।

**बेर्ना सार्ने तरिका**

हारदेखि हार ७५ सेन्टिमीटर र बीउ वा बेर्नादेखि बेर्ना ६० सेन्टिमिटर

**नर्सरी व्याड राख्ने तरीका**

साधारणतया स्क्वास फर्सीको बीउ सोझै खेतमा रोपिन्छ, तर उत्पादन छिटो लिन स्क्वास फर्सीको बेर्ना तयार गरेर सार्नपनि सकिन्छ । स्क्वास फर्सीको वेर्ना उत्पादन छिटो गर्न १५ सेन्टिमिटर लम्बाई र ८ सेन्टिमिटर चौडाइ भएको प्लास्टिक थैलोमा साना साना प्वाल पारेर दुई भाग माटो एक भाग बालुवा एक भाग राम्ररी कुहिएको कम्पोष्ट मलको मिश्रणले भर्नुपर्दछ । प्रत्येक प्लाष्टिक थैलोमा दुई देखि तीन दाना बीउ रोपेर हजारीले पानी दिनुपर्दछ । बीउ उम्रेर चार पाच पात भएपछि सार्न योग्य हुन्छ । बेर्ना छिटो र तुषारोबाट बचाई सुरक्षित साथ उत्पादन गर्न प्लाष्टिक व्याग, प्लाष्टिक घर, प्लाष्टिक टनेलभित्र राख्न सकिन्छ । यसरी बेर्ना सार्नुभन्दा करिब पाच हप्ता अगाडी नै बेर्ना उत्पादन गर्ने काम सुरू गर्नुपर्दछ । नर्सरी र बीउलाई उपचार गरि बीउ लगाएमा माटोबाट हुने रो र बीउबाट हुने रोगबाट मुक्त भईन्छ । नर्सरीको लागि प्रयोग हुने माटोलाई फर्मालिन चालिसदेखि पचास एमएल प्रतिलिटर पानीमा मिसाई माटो राम्रो भिज्ने गरी स्प्रेद्धारा छर्नुपर्दछ । यसरी फर्मालिन छरेपछि तुरून्त सेतो प्लाष्टिक द्धारा ७२ घण्टासम्म ढाक्नुपर्दछ । प्लाष्टिक हटाई अलि अलि चलाई दुईदेखि तिनदिनपछि मात्र बेर्ना उमार्न सो माटो प्रयोग गर्नुपर्दछ । थीरम वा बेभिस्टीन दुई ग्राम प्रति किलोग्राम बीउका दरले बीउ उपचार गर्नुपर्दछ ।

**बाली संरक्षण**

**कीरा रातो खप्टे**

कलिला पातहरू खाएर नोक्सान पार्दछ । यसको लाभ्रे माटोमा बसेर जरामा प्वाल बनाई गुदी खान्छ ।

**फल कुहाउने औसा**

यिनीहरूले फूलहरू, चिचिलाहरू र फलहरू भित्रै खाईदिनाले फलहरू कुहिन्छन र फूलहरू चिचिला हुन असमर्थ भै झर्दछ ।

**रोकथाम**

रोगर, मालाथियन, नुभान मध्ये कुनै एक एमएल एक लीटर पानीमा मिसाई प्रति कठा २० लीटर पानीमा बिषादी घोल छर्नुपर्दछ ।

**रोग**

**पाउडरी मिल्डयू**

पातहरू त्था डाठहरूमा खरानी जस्तो खैरो रंगको दागहरू देखिन्छ त्यसबाट धुलो निस्कन्छ । पात खुम्चिन्छ र सुक्दै जान्छ । साथै फल सानो आकृति बिग्रेको

________बाँकी ३ पेजमा

# स्थानीय सरकारका तन्नेरी कर्मचारी

**पालिका बहस**

**खगेन्द्रसिंह धामी**



**अवधारणा**

विश्वमा सन् १९८० को दशकमा उदारीकरण र विश्वव्यपीकरणको अवधारणासँगै विकेन्द्रीकृत शासन व्यवस्थाको विकास भएको पाइन्छ । केन्द्रीकृत शासन व्यवस्थाका कमजोरीलाई हटाई मुलुकको दिगो विकास र समृद्धि हासिल गर्न विकेन्द्रीकृत शासन पद्धतिको एक आयामका रूपमा स्थानीय शासन पद्धतिको विकास भएको पाइन्छ ।

स्थानीय स्रोत-साधनको अधिकतम प्रयोग गरी जनताको सहभागिता सुनिश्चित गर्ने नजिकको स्थानीय सरकार नै हो । स्थानीय सरकारले स्थानीय आवश्यकता र स्रोत-साधनलाई आधार मानी नीतिगत व्यवस्था गर्दै प्रजातन्त्र संस्थागत गर्न सहयोग पुर्‍याउँछ । जनताले यसबाट केन्द्रीकृत शासनभन्दा छिटो-छरितो र प्रभावकारी सेवा प्राप्त गर्छन् । दिगो विकासको अवधारणा र सामाजिक न्यायलगायतका पक्षको स्थापना गर्न स्थानीय सरकारको अहं भूमिका रहेको हुन्छ ।

विभिन्न समस्याबाट उत्पन्न परिस्थितिको कारण विस्थापित भएका द्वन्द्वपीडित, निमुखा र समाजमा पछाडि परेका वर्गलाई मूल धारमा ल्याई सामाजिक सुरक्षाको अनुभूति प्रदान गर्न स्थानीय सरकारको विशेष भूमिका रहेको हुन्छ ।

सामन्ती, निरंकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद, उत्पीडनको अन्त्य गर्न नेपालको संविधानको भाग ५ को धारा ५६ को उपधारा (१) मा संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ । संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहका सरकारको पनि परिकल्पना गरिएको छ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहका २२ अधिकार उल्लेख गरिएको छ ।

तिनै अधिकारको आधारमा स्थानीय सरकारले जनताको सेवा प्रभावकारी ढंगबाट गर्नुपर्दछ । स्थानीय आवश्यकता, स्रोत-साधन, जनशक्ति, जनताको माग र भूगोल आदिजस्ता विविध पक्षलाई आधार मानी नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्छ । नेपालमा विगत लामो समयदेखि रहेको संक्रमणकाल, ०७२ को भूकम्प र ६ महिने नाकाबन्दीले आम नागरिकमा असहजता उत्पन्न भएको छ । यस अवस्थामा स्थानीय सरकारले संघीय ऐन, नियम, कानुन र कार्यक्रमलाई आधार मानी वैज्ञानिक र व्यवस्थित प्रक्रियाबाट जनतालाई सेवा प्रदान गर्नुपर्दछ ।

मुलुक संघीय गणतन्त्रमा गएपछि स्थानीय तह राज्य संरचनाको एक वैधानिक संयन्त्र हो । यसले प्रदेश र संघीय सरकारसँग समन्वय गर्दै स्थानीय स्तरका समस्या समाधान र दिगो विकासजस्ता कार्यमा तदारूकता देखाउनुपर्दछ । स्थानीय सरकारको काम-कारबाहीलाई सही ढंगबाट अगाडि बढाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था गरिएको छ । यसमा स्थानीय सरकारले गर्नुपर्ने नीतिगत, आर्थिक, सामाजिक, न्यायिक, विकास र समन्वयजस्ता कार्यहरु थप स्पष्ट पारिएका छन् ।

नेपालको संविधानले समानुपातिक, समावेशी र सहभागितामूलक समाजको निर्माण गर्ने संकल्प पूरा गर्न स्थानीय सरकारका नीति तथा कार्यक्रम महत्वपूर्ण मानिन्छन् । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न र संविधानमा उल्लेख गरिएका मौलिक हकको कार्यान्वयन गरी आम नागरिकलाई प्रजातन्त्रको अनुभूति दिलाउन स्थानीय सरकारको विशेष भूमिका रहन्छ । स्थानीय सरकार प्रत्यक्ष जनताबाट निर्वाचित हुने भएकाले स्वतन्त्र र स्वायत्त रहन्छ ।

**औचित्य**

स्थानीय जनताको आवश्यकता र चाहनालाई केन्द्रबिन्दुमा राखी मुलुकको संवैधानिक एवं कानुनी अधिकारबाट र स्थानीय नेतृत्वबाट सञ्चालित सरकार स्थानीय सरकार हो । यसमा राजनीतिक, प्रशासनिक र वित्तीय स्वायत्तता रहन्छ । स्थानीय जनताको व्यापक सहभागिता रहने हुँदा यसको औचित्यलाई निम्नअनुसार उल्लेख गरिएको छ :

*स्थानीय आवश्यकताको पहिचान गरी तत्काल सम्बोधन गर्न,*
*स्थानीय स्रोत-साधनको उच्चतम प्रयोग गर्न,*
*सार्वजनिक स्रोत-साधनमा सबै वर्गको पहुँच, अवसर र सहभागिता सुनिश्चित गर्न,*
*स्थानीय सेवा प्रवाहलाई प्रभावकारी बनाउन,*
*सामाजिक लाभको न्यायोचित वितरण गर्न,*
*स्थानीय तहको विकास, समृद्धि र समुन्नति गर्न,*
*सामाजिक न्यायको स्थापना गरी दिगो विकासका कार्यलाई प्राथमिकता दिन,*
*स्थानीय स्तरमा रोजगारीका अवसर सिर्जना गर्न,*
*आर्थिक समृद्धि गर्दै समृद्ध नेपाल सुखी नेपालीको आकांक्षा पूरा गर्न र*
*स्थानीय नीति, योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयन गर्न आदि ।*

**समस्याहरु**

स्थानीय सरकार सञ्चालनका मुख्य पात्रका रूपमा निर्वाचित स्थानीय सरकार, स्थानीय तहमा कार्यरत सरकारी संस्थाहरु, शैक्षिक संस्थाहरु, गैरसरकारी संस्थाहरु र वित्तीय संस्थाहरु हुन्छन् । यिनको प्रभावकारी परिचालन गर्न नसग्दा विभिन्न समस्या उत्पन्न हुन्छन् । तसर्थ स्थानीय सरकार सम्बद्ध समस्यालाई निम्नअनुसार उल्लेख गरिएको छ :

*स्थानीय स्रोत-साधनको पहिचान गर्न नसक्नु,*
*सामाजिक न्याय र समानता कायम गर्न नसक्नु,*
*पर्याप्त र दक्ष जनशक्तिको अभाव,*
*समकालीन मुद्दामा अप्रशिक्षित जनप्रतिनिधिहरु,*
*विकासका पूर्वाधारहरूको अभाव,*
*नातावाद र कृपावादले स्थान पाउनु,*
*प्रत्यक्ष राजनीतिक हस्तक्षेप हुनु,*
*सेवामुखी प्रवृत्तिभन्दा नाफामुखी प्रवृत्ति बढी हुनु,*
*विविध प्रकारका आवश्यक तथ्यांकको अभाव र अभिलेखीकरण नहुनु,*
*ऐन, नियम र कार्यविधिको अभाव,*
*संघीय र प्रादेशिक सरकारसँग प्रभावकारी समन्वय हुन नसक्नु,*
*राम्रा कार्यक्रमलाई भन्दा हाम्रालाई बढी प्राथमिकता दिनु,*
*परम्परागत कार्यशैली कायमै रहनु आदि ।*

**समाधानका उपायहरु**

*स्थानीय स्रोत-साधनको पहिचान गरी परिचालन गर्ने,*
*स्थानीय जनताको व्यापक सहभागिता गराउने,*
*सम्भावित द्वन्द्वका स्रोतको पहिचान गरी समाधान गर्ने,*
*दक्ष/तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्ने,*
*समकालीन मुद्दामा जनप्रतिनिधिहरूलाई प्रशिक्षित हुने अवसर प्रदान गर्ने,*
*विकासका पूर्वाधारको विकास गर्ने,*
*सामाजिक न्याय र समानता कायम गर्ने,*
*सार्वजनिक स्रोत-साधनमा सबै वर्गको पहुँच सुनिश्चित गर्ने,*
*राष्ट्रिय रणनीति र स्थानीय शासनबीच एकरूपता कायम गर्ने,*
*सञ्चालित कार्यक्रममा पारदर्शिता र उत्तरदायित्वको प्रवर्द्धन गर्ने,*
*स्थानीय सरकारको प्रशासनिक संयन्त्रमा सुधार ल्याउने,*
*'सबैका लागि एक र एकका लागि सबै' मान्यता विकास गर्ने,*
*स्थानीय सरकारका पात्रहरूको क्षमता विकास गर्ने,*
*आवश्यक नीति, ऐन, नियमावली र कार्यविधिको निर्माण गर्न विज्ञको सहभागिता गराउने,*
*सूचना, सञ्चार र प्रविधिको विकास गर्ने,*
*विभिन्न संकट व्यवस्थापनको लागि पूर्वयोजना बनाउने आदि ।*

**कर्मचारीतन्त्र**

**अवधारणा**

सार्वजनिक प्रशासनसँगै कर्मचारीतन्त्रको अवधारणा विकास भएको पाइन्छ । सर्वप्रथम प्राचीन चीन, रोम र मिश्रजस्ता मुलुकमा पनि कर्मचारीतन्त्र अस्तित्वमा रहेको पाइन्छ । रोमन क्याथोलिक चर्चहरु कर्मचारीतन्त्रकै अवधारणामा परिचालित भएका पाइन्छन् । यसलाई एउटा प्रशासनिक संगठनको स्वरूपका रूपमा लिइन्छ । फ्रेन्च अर्थशास्त्री भिनसेन्ट डी गाउर्नेले सन् १९४५ मा ब्युरोक्रेसी शब्दको प्रयोग गरेको पाइन्छ । यसरी नै अठारौं र उन्नाइसौं शताब्दीमा कर्मचारीतन्त्रले फैलने अवसर प्राप्त गरेको देखिन्छ । कर्मचारीतन्त्रका पिताका रूपमा समाजशास्त्री माक्स वेबरलाई लिइन्छ ।

उच्च तहका सरकारी कर्मचारीले सञ्चालन र नियन्त्रण गरेको प्रशासन व्यवस्थापन र नोकरशाहीतन्त्र कर्मचारीतन्त्र हो ।

________बाँकी ३ पेजमा

# आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- कामको चापले धपेडी हुनसक्छ । निर्णय कार्यान्वयन हुन सक्दैनन् । मन भावुक र उत्ताउलो बन्नेछ । प्रणयसम्बन्ध र रतिराग बढ्ने समय छ ।

**वृष** :- जोश जाँगर र हिम्मत बढ्नेछ । विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । आफूलाई मन लागेको कुरा खरिद गर्न सकिन्छ । आकस्मिक उपहार प्राप्त हुनसक्छ ।

**मिथुन**:- लाभ, हानी, सुख, दुख वरावरी खालको समय छ । सानातिना बाधा आइलागे पनि समस्या समाधान हुनेछ । रोकिएका कामलेपनि गति लिनेछ ।

**कर्कट** :- मिष्ठान्न भोजनको अवसर मिल्नेछ । सामाजिक तथा धार्मिक कार्यमा रूचि बढ्नेछ । दाम्पत्य जीवनमा आपसी माया एवं समझदारी कायम रहनेछ ।

**सिंह**:- जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । महव्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । सौन्दर्यतामा धन खर्च हुनेछ । मिलनसार साथीले नै धोका दिन सक्छन् ।

**कन्या** :- बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ ।

**तुला** :- आज शुभकार्यको चर्चा चल्नेछ । आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । पढाइमा प्रगति हुनेछ ।

**वृश्चिक** :- आज धर्म,कर्ममा मन लाग्नुका साथै दैनिक कार्यमा प्रगति हुनेछ । अनुहारमा कान्ति र मनमा शान्ति छाउला । सवारी साधन प्राप्तिको योगपनि छ ।

**धनु** :-शैक्षिक एवं प्रतियोगितात्मक कार्यमा सफलता हात पर्नेछ । वैदेशिक कार्य अघी बढ्नेछ । रोकिएका काम पुनः सुरू हुन सक्छन् । जोश,जाँगर र उमङ्ग बढ्नेछ ।

**मकर**:- आफन्तको प्रगतिमा मन रमाउनेछ । नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । पुनर्मिलनको योग रहेको छ । कतै घुम्न जाने आकस्मिक योजना बन्न सक्छ ।

**कुम्भ**:- आज एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । बहुप्रतिक्षित काममा सफलता हात पर्नेछ । कुनै कारणवश रोकिएका अधूरा कामलेपनि गति लिनेछ ।

**मिन** :- आज आफ्नो क्षेत्रमा प्रभूत्त्व जमाउन सकिनेछ । व्यापार व्यवसायबाट पनि उन्नति नै देखिन्छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ मिल्नेछ ।

## स्क्वास ...

हुन्छ । उत्पादनमा निकै ह्रास हुन्छ । यसको नियन्त्रणको लागी क्याराथायन दुई एमएल एक लीटर पानीमा मिसाई छर्नुपर्दछ ।

**डाउनी मिल्डयू**

पातको माथिल्लो भागमा पहेलो दागहरू देखा पर्दछन् र पातको तल्लो भागमा रातो रंगको कपास जस्तो ढुस्सी आउछ । विशेष गरेर गर्मी र आद्रता बढी भएमा यो रोग देखा पर्दछ । यसको नियन्त्रणको लागि डाइथेन एम ४५ वा क्लाइटाक्स तीन ग्राम प्रति लीटर पानीमा मिसाई छर्नुपर्दछ ।

**उत्पादन**

स्क्वास फर्सीको टिपाई यसको फल नछिपिदै टिप्नु पर्छ । सालाखाला प्रतिबोट ६ देखि १० फल टिप्न सकिन्छ । तौलको हिसाबमा प्रति रोपनी १००० देखि १५०० किलोग्राम हुन्छ । बाली अत्यधिक सप्रे उत्पादन तीन देखि चार मेटिक टन प्रति रोपनी पनि हुन्छ । यसको बिक्री दर सिजनमा भर पर्दछ ।

## स्थानीय ...

यसलाई स्थायी सरकारका रूपमा पनि लिइन्छ । मुलुकको शासन व्यवस्थामा सघाउ पु¥याउने प्रशासनिक पद्धतिको रूपमा पनि यसलाई अर्थ्याउने गरिन्छ । कर्मचारीतन्त्र के हो भन्ने सन्दर्भमा विभिन्न विद्वान्हरूले सकारात्मक र नकारात्मक दृष्टिकोणबाट आ–आ ना परिभाषा व्यक्त गरेका छन् । भिनसेन्ट डी गाउर्नेले सर्वप्रथम कर्मचारीतन्त्र शब्दको प्रयोग गर्दै फ्रान्समा हामीबीच त्रासदी सिर्जना गर्ने ब्युरोक्रेसी नाम गरेको एक रोग छ भन्दै नकारात्मक दृष्टिकोणबाट परिभाषा व्यक्त गरेका छन् । त्यसैगरी जर्मन समाजशास्त्री आधुनिक कर्मचारीतन्त्रका पिता माक्स वेबरले कर्मचारीतन्त्रको सकारात्मक परिभाषा व्यक्त गर्दै राज्य सञ्चालनका लागि वैधानिक र सांगठनिक संयन्त्रका रूपमा अर्थ्याएको पाइन्छ । उनले वैधानिक तथा विवेकपूर्ण अधिकारको प्रयोग र अभ्यासका लागि कर्मचारीतन्त्रको स्थापना र सञ्चालन गर्नुपर्ने पक्षमा जोड दिएको पाइन्छ । मुलुकको प्रशासन क्षेत्रलाई जीवन्त बनाउँदै राष्ट्र र जनताको सेवामा निरन्तर लागिरहने संगठित संयन्त्र कर्मचारीतन्त्र हो । यो संगठनको नीति, नियम र कार्यविधिका आधारमा सञ्चालित रहन्छ । कर्मचारीतन्त्र सधैं विस्तार हुन र साम्राज्य खडा गर्न चाहने संगठन हो । यसभित्रको प्रशासन स्वच्छ, चुस्त, दुरूस्त, कानुनको शासन र सुशासनमा आधारित भएर आम नागरिकले प्रभावकारी सेवा प्राप्त गर्दछन् र मुलुक सम्पन्न र समृद्धशाली बन्ने गर्दछ । राजनीतिक दबाब र कार्यशैलीमा अल्भmने जस्ता प्रवृत्तिले कर्मचारीतन्त्रमा नकारात्मक प्रभाव पर्दछ र अपेक्षा गरेअनुसारको सेवा प्रवाह हुन सग्दैन ।

**कर्मचारीतन्त्रका विशेषताहरु**

राजनीतिक रूपमा क्रियाशील विशेषाधिकार सम्पन्न धेरै समूहमध्येको एक समूह मानिने कर्मचारीतन्त्रका विशेषतालाई निम्नअनुसार उल्लेख गरिएको छ :

*कर्मचारीतन्त्रमा प्रतिस्पर्धा गरिन्छ*
*कर्मचारीतन्त्र बजारमुखी हुन्छ*
*उद्यमशील हुन्छ*
*कर्मचारीतन्त्र नागरिक उन्मुख हुन्छ*
*कर्मचारीतन्त्रमा कार्य विभाजन हुन्छ*
*यसमा व्यक्तिगत स्वार्थ रहँदैन*
*यो विकेन्द्रीकृत स्वरूपको हुन्छ*
*यसले नतिजा उन्मुख कार्यमा जोड दिन्छ*
*यसमा पदसोपान र वृत्ति प्रणाली हुन्छ*
*यो योग्यता प्रणालीमा आधारित हुन्छ*
*यसमा राजनीतिक तटस्थता र निष्पक्षता रहन्छ ।*

**स्थानीय तहमा कर्मचारीतन्त्र**

मुलुक संघीय गणतन्त्रमा गएपछि नेपालको संविधानअनुसार तीन तहका सरकारको व्यवस्था गरियो- संघीय, प्रादेशिक र स्थानीय । तीन तहकै सरकारबमोजिम कर्मचारीतन्त्रलाई पनि संघीय, प्रादेशिक र स्थानीय गरी तीन तहमै विभाजन गरेको पाइन्छ । मुलुकको प्रशासन क्षेत्रलाई जीवन्त तुल्याई जनताको सेवामा निरन्तर खटिरहने कर्मचारीमाथि विभेदको नीति अवलम्बन गर्ने दुष्प्रयास संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्दै आएको पाइन्छ । संघीयतालाई चलायमान र सफल कार्यान्वयन गर्न र नेपालको संविधानलाई जनअपेक्षाअनुसार कार्यान्वयन गरी जनताका हकअधिकारलाई सुनिश्चित गर्न कर्मचारीको महत्वपूर्ण भूमिका रहन्छ ।

संविधानमा मौलिक हक अधिकारअन्तर्गत स्वतन्त्रताको हकको व्यवस्था गरिएको छ । यो स्वतन्त्रता

बाँकी ४ पेजमा


# धनगढीमाई नगरपालिका
Dhangadhimai Municipality
## नगर कार्यपालिकाको कार्यालय
Office of The Municipal Executive
धनगढी, सिरहा, प्रदेश नं. २, नेपाल
Dhangadhi, Siraha, Province No. 2, Nepal
www.dhangadhimaimun.gov.np
mundhangadhi@gmail.com
033-545238

मिति २०७७।०८।०७

## विषय : नयाँ भर्ना सम्बन्धी सूचना

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) र धनगढीमाई नगरपालिकाको संयुक्त साझेदारीमा संचालित डिप्लोमा इन योग एण्ड नेचुरोपेथी (Diploma In Yoga and Naturopathy) विषयमा शैक्षिक शत्र २०७७।०७८ मा डीप्लोमा तहको देहायका कोर्षहरुमा नयाँ भर्नाको लागि योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

**कार्यक्रमहरु:**

१. तीन वर्षे डिप्लोमा इन योग एण्ड नेचुरोपेथी (Diploma In Yoga and Naturopathy)

**न्यूनतम शैक्षिक योग्यता तथा आवश्यक कागजातहरु:**

- डिप्लोमा इन योग एण्ड नेचुरोपेथी (Diploma In Yoga and Naturopathy)को लागि SLC/SEE परीक्षाको अंग्रेजी विषयमा D+ तथा गणित र विज्ञान विषयमा C ग्रेड प्राप्त गरेको।
- SLC/SEE वा सो सरहको शैक्षिक योग्यताको लब्धाङ्क तथा चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि १ प्रति।
- हालसालै खिचिएको स्पष्ट मुखाकृति देखिने एम.आर.पी. साईजको रंगिन फोटो २ प्रति।
- नेपाली नागरिकता वा जन्मदर्ताको प्रतिलिपि १ प्रति।

**भर्ना कार्यक्रमहरु:**

- आवेदन शुल्क रु. ८००।-
- आवेदन फाराम पाईने र बुझाउने स्थानः धनगढीमाई नगरपालिका, धनगढी।
- आवेदन फाराम वितरण मितिः २०७७ मंसिर ७ गते देखि मंसिर १५ गते सम्म।
- विस्तृत जानकारीको लागि सम्बन्धित कार्यालय अफिस समयमा सम्पर्क राखी जानकारी लिन सकिने छ।

शिवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

*"समृद्ध धनगढीमाई नगरपालिका हाम्रो शान, पूर्ण सरसफाईयुक्त नगरपालिका हाम्रो अभियान"*


## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


## नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

१. नगरपालिकालाई बुझाउनु पर्ने सम्पत्ति कर, भूमि कर व्यवसाय कर समयमै बुझाऔं, २. जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका व्यक्तिगत घटना सम्बन्धित घटना भएको मितिले ३५ दिनभित्रै आफ्नो वडा कार्यालयमा दर्ता गरौं, ३. नगरपालिकाभित्र व्यक्तिगत घर तथा उद्योगका भवन लगायतका संरचना निर्माण कार्य शुरु गर्नुअघि अनिवार्य रुपमा निर्माण इजाजत लिऔं, ४. भूकम्प प्रतिरोधात्मक घर निर्माण गरौं, ५. सडक अधिकार क्षेत्र, खोला, नाला, पैनीको साथै पाटी पौवा जस्ता सार्वजनिक स्थान मिचेर कुनै पनि संरचना निर्माण नगरौं । साथै सडक किनारामा व्यापार, व्यवसाय नगरौं, ६. अनुमति विना सडकमा निर्माण सामग्री लगायतका कुनै पनि व्यक्तिगत प्रयोजनका सामान नराखौं, ७. नगर क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय गर्दा नगरपालिकामा दर्ता गरेर मात्र गरौं, ८. बालबालिकाहरुलाई नजिकैको स्वास्थ्य संस्थामा लगि लगाउनु पर्ने सबै खोप तोकिएअनुसार नियमित लगाऔं र बालबालिकाहरुमा रोग प्रतिरोधात्मक क्षमता विकासमा सहयोग गरौं, ९. उमेर नपुगेका बालबालिकाहरुलाई श्रममा नलगाऔं, १०. विद्यालय जाने उमेर भएका सबै बालबालिकाहरुलाई अनिवार्य रुपमा विद्यालय पठाऔं, ११. छोरा र छोरीमा भेदभाव नगरौं, १२. महिला हिंसा न्यूनीकरणका लागि आ-आफ्नो ठाउँमा पहल गरौं, १३. जेष्ठ नागरिकको सम्मान गरौं, १४. आफ्नो घरबाट निस्किएको फोहरलाई जथाभावी नफालौं, १५. चौपायाहरुलाई छाडा नछोडौं, १६. होटल व्यवसायीहरुले बासी तथा सडेगलेका खानेकुरा नबेचौं । उभोक्ताको स्वास्थ्यमा ख्याल गरौं, १७. नगरपालिका भित्रका सिमसारहरुको संरक्षण र विकासमा सहयोग गरौं ।

कल्याणपुर नगरपालिका कार्यालय, सिरहा
धनगढीमाई नगरपालिका कार्यालय, सिरहा
गोलबजार नगरपालिका कार्यालय, सिरहा
सिरहा नगरपालिका कार्यालय, सिरहा

## स्थानीय ...

प्रत्येक नागरिकलाई हुनेछ भनिएको छ, तर संघीय तथा सामान्य प्रशासन मन्त्रालयले संघीयताअनुसार कर्मचारी व्यवस्थापन गर्ने भनी जबर्जस्त कर्मचारीलाई समायोजन गरी प्रदेश र स्थानीय तहमा पठाएको पाइन्छ । कर्मचारीको मनोबल उच्च बनाएर चुस्त- दुरूस्त सेवा प्रवाह गर्ने बेलामा राज्यले कर्मचारीमाथि राजनीति र विभदपूर्ण व्यवहार गरेर संघीयता कार्यान्वयनमै कठिन अवस्था सिर्जना गरेको पाइन्छ । २०६२र०६३ सालअघि र पछि अस्थिर राजनीति हुँदा मुलुकको प्रशासन चलायमान राख्ने सबै क्षेत्रमा सरकार नहुँदा सरकारको जिम्मेवारी लिएर अहोरात्र खटिरहने वा खटिएका कर्मचारीलाई राज्यले सान्त्वना दिन सकेन । कर्मचारीभित्र राजनीति गर्दै राम्राभन्दा पनि हाम्रा कर्मचारीलाई अवसर प्रदान गर्ने वातावरण सिर्जना भएको पाइन्छ । संघीयताको भावना र मर्मअनुसार भनेर स्थानीय तहमा विज्ञापन गर्न लगाई कर्मचारी छनोट गरी ७ सय ५३ वटै स्थानीय तहमा स्थानीय तहका कर्मचारी नियुक्त गरेको पाइन्छ । हाल स्थानीय तहमा तीन थरीका कर्मचारी छन् । यसमध्ये संघीय कर्मचारीअन्तर्गत प्रमुख प्रशासकीय अधिकृत, समायोजन भएका अन्य कर्मचारी र स्थानीय तहका नवनियुक्त कर्मचारी छन् । कर्मचारीतन्त्रमा राज्यले गरेको विभेदपूर्ण व्यवहारको परिणाम आज स्थानीय तहमा देखिएको पाइन्छ । एकातिर संघीय कर्मचारीको बितन्डा र अर्कोतिर स्थानीय तहका कर्मचारीप्रतिको विभेदपूर्ण व्यवहारले गर्दा सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुन सकेको छैन । मुलुकको राजनीतिक संरचनामा परिवर्तन आए पनि प्रशासनिक क्षेत्रमा हिजोको पञ्चायती प्रवृत्ति कायमै रहेको पाइन्छ । कतिपय अवस्थामा राजनीतिक दलका नेतृत्व वर्गले कर्मचारीतन्त्रविरूद्ध आन्दोलन गरौं जस्तो लागिरहेको छ भन्ने कुराको याद आइरहेको देखिन्छ । स्थानीय तहको कर्मचारीतन्त्रमा सेवामुखी भावनाभन्दा स्वार्थमुखी भावना उच्च रहेको देखिन्छ । विश्वविद्यालयमा अध्ययन गर्दा शासक होइन, सेवक बन्नुपर्छ भन्ने मान्यताबाट ओतप्रोत भएको मनोविज्ञान स्थानीय तहको कर्मचारी भएर स्थानीय तहमा प्रवेश गर्दा सेवक बन्नेभन्दा शासक बन्नेको संख्या बढी रहेको देखिन्छ ।

हरेक स्थानीय तहमा अधिकांश कर्मचारी स्थानीय तहकै भए नि राज्यले गरेको व्यवहार हेर्दा स्थानीय तहका कर्मचारीलाई जागिर निल्नु न ओकल्नुसरह भएको पाइन्छ । न विधान, न त व्यवहार । केवल सामन्तवादी प्रवृत्तिले स्थानीय तहका कर्मचारीलाई पोलेको देखिन्छ । कर्मचारीको अभिभावक र संरक्षकको रूपमा रहेको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ७ सय ५३ वटै स्थानीय तहमध्ये एउटामा पनि नजर पुर्‍याएको देखिँदैन ।

राज्यले लोकसेवाको सिफारिसमा स्थानीय तहमा नियुक्ति दिए पनि सेवा प्रवेश तालिम नदिईकनै सेवा क्षेत्रमा पठाउँदा केही अन्योल हुनु स्वाभाविक हो । तर, नियुक्ति लिइसकेपछिको परीक्षण काल सकिँदै गर्दा राज्यले वा सम्बन्धित पक्षले यसप्रति खासै ध्यान नदिनुले स्थानीय तहका कर्मचारीप्रति गरेको सौतने व्यवहार स्पष्ट देखिन्छ ।

### असर

*सार्वजनिक सेवा प्रवाह प्रभावकारी नहुनु,*
*कर्मचारीहरूबीच समन्वय नहुनु,*
*हाकिमे प्रवृत्ति बढ्दै जानु,*
*सेवकभन्दा पनि शासक बन्ने प्रवृत्ति मौलाउनु,*
*नवप्रवेशी कर्मचारीहरूमा हीनताबोध हुनु,*
*सुशासन र कानुनको शासनजस्ता पक्ष ओझेल पर्नु,*
*कार्यशैलीमा अल्झन पैदा हुनु,*
*कर्मचारीबीच मनमुटाव हुनु,*
*प्रत्यक्ष राजनीतिक हस्तक्षेप हुनु,*
*चाकरी प्रथा मौलाउँदै जानु,*
*सार्वजनिक सरोकारका कार्यहरु समयमै पूरा नहुनु आदि ।*

### सुधारका उपायहरु

*संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्पष्ट ऐन तथा नियमावलीको तर्जुमा गर्ने,*
*कर्मचारीतन्त्रभित्रका विकृतिहरूको अन्त्य गर्ने,*
*स्थानीय तहको क्षमता विकास गर्ने,*
*प्रशासन संयन्त्रभित्र सुशासन लागू गर्ने,*
*सबै प्रकारका कर्मचारीप्रति समान व्यवहार गर्ने,*
*सम्बन्धित निकायले नवनियुक्त कर्मचारीहरूलाई सेवा प्रवेश तालिम प्रदान गर्ने,*
*आवश्यक नीति निर्माण गरी कार्यान्वयन गर्ने,*
*कर्मचारीको मनोबल उच्च बनाउने,*
*प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा राजनीतिक प्रभावको अन्त्य गर्ने,*
*स्वार्थप्रेरितभन्दा पनि सेवाप्रेरित भावनाको विकास गर्ने,*
*छिटो-छरितो र चुस्त कार्यशैलीको प्रयोग गर्ने आदि ।*

### निष्कर्ष

मुलुकमा संघीय गणतन्त्रको स्थापनापछि विकेन्द्रीकरणसँगै संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचना रहेको पाइन्छ । प्रजातन्त्रलाई संस्थागत गर्ने र जनतासँग प्रत्यक्ष सम्पर्कमा रहेर सेवा प्रवाह गर्ने सरकार स्थानीय सरकार भएकाले स्थानीय स्रोत-साधनको उचित पहिचान र परिचालन गरी आर्थिक समृद्धि गर्न सके संघीयता कार्यान्वयनमा सहजता हुने देखिन्छ ।

स्थानीय तहमा कार्यरत सबै कर्मचारीको क्षमता विकास र मनोबल उच्च बनायो भने सार्वजनिक सेवा थप प्रभावकारी हुने देखिन्छ । स्थानीय तहमा नियुक्त भएका नयाँ प्रवेशी स्थानीय तहका कर्मचारीप्रति विभेद नगरी राज्यले उनीहरूमा भएको जोश-जाँगर र क्षमताको प्रयोग गर्दै संघीयतालाई थप बलियो र सशक्त बनाउनुपर्ने देखिन्छ ।

वर्तमान समय प्रतिस्पर्धा र सूचना प्रविधिको हो । सूचना र प्रविधिको पहुँचमा नभएकाहरूले आफूलाई अपडेट गर्न सक्दैनन् । तसर्थ, राज्यले कर्मचारीबीच विभेद नगरी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कर्मचारीको मनोबल उच्च बनाई समृद्ध नेपाल र सुखी नेपालीको सपना साकार पार्नुपर्दछ । अहिले स्थानीय तहमा नियुक्त भएका कर्मचारीहरु सबै तन्नेरी अवस्थाका छन् । राज्यले ऐन-नियम बनाएर उनीहरूको वृत्ति विकासका साथै स्पष्ट कार्यशैली वा मापदण्ड तयार पारी लागू गर्नुपर्दछ ।*पालिका खबरबाट*


# Dhangadhimai Municipality

***Office of the Municipal Excutive Dhangadhi, Siraha***

**Invitation for online Bid submission for Quotations.**

**First Publication Date : 25th, Nov, 2020 (2077/08/10 B.S.)**

1. The *Dhangadhimai Municipality, Office of the Municipal Executive Dhangadhi, Siraha* invites electronic quotations from the eligible national bidders for the construction of ***the following projects in mentioned in table below with the estimated amount.***

| Contract Id. No. | IFQ No. | Description of work | Estimate Amount (without VAT & Contin.) NRs. | Bid Security Amount NRs. |
|---|---|---|---|---|
| Dh-Mun/SQ/10/2077/078 | 02/SQ/10/2077/078 | Road kalopatre nirantarta Bakhar ward No.1 | 1270240.40 | 38000.00 |
| Dh-Mun/SQ/11/2077/078 | 02/SQ/11/2077/078 | Road kalopatre upto ward office Bhawanipur ward No.2 | 1697257.54 | 51000.00 |
| Dh-Mun/SQ/12/2077/078 | 02/SQ/12/2077/078 | Incomplete Black Top (Dhangadhi patari Road) Construction & Gravel | 1698705.02 | 51000.00 |
| Dh-Mun/SQ/13/2077/078 | 02/SQ/13/2077/078 | Black Top Work (Ram Babu sah home to Dihbar Baba Than) | 1010807.02 | 30000.00 |
| Dh-Mun/SQ/14/2077/078 | 02/SQ/14/2077/078 | Black Top Work (Main Road to Ful Devi Chaudhary home) | 1696925.51 | 51000.00 |
| Dh-Mun/SQ/15/2077/078 | 02/SQ/15/2077/078 | Black Top Work (Main Road to chautara & Main Road to Suresh Mahato home) | 1696925.51 | 51000.00 |
| Dh-Mun/SQ/16/2077/078 | 02/SQ/16/2077/078 | Kasaha East Chauk Towards North Baliya home Road kalopatre | 1698619.37 | 51000.00 |
| Dh-Mun/SQ/17/2077/078 | 02/SQ/17/2077/078 | Road Black Top work khasa Bazar towards South. | 1612780.12 | 48000.00 |
| Dh-Mun/SQ/18/2077/078 | 02/SQ/18/2077/078 | Black Top work Maruni Tole. | 935004.30 | 28000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dhangadhimai Municipality, Office of the Municipal Executive Dhangadhi, Siraha visit website: dhangadhimaimun.gov.np or visit PPMOs' website : http://www.bolpatra.gov.np/egp.
3. *Last Date & Time for Purchase, Submission, Opening and Account Details.*

| Last Date & Time for Purchase | | Last Date & Time for Submission | | Date & Time for Opening | | |
|---|---|---|---|---|---|---|
| Date | Time | Date | Time | Date | Time | Place |
| 9th Dec, 2020 | 16:00 | 10th Dec, 2020 | 12:00 | 10th Dec, 2020 | 14:00 | Dhangadhimai Municipality, office of the Municipal Excutive,Dhangadhi,Siraha |

| Code No. : 801021604 | Name of Bank | Name of Account | Account No. |
|---|---|---|---|
| For Revenue | NCC Bank, Dhangadhi, Siraha | Revenue | 1420000040801 |
| Deposit for Bid-Sucurity | NCC Bank, Dhangadhi, Siraha | Deposit | 1420000041901 |

4. Bids must be submitted to *e-GP system i.e*www.bopatra.gov.np/egp.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***date mentione upon in the table*** at the office of *Dhangadhimai Municipality, Office of the Municipal Excutive*. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amount upon mentioned in the table, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

**१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं । २. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं । ३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । ४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं । ५. इजाजत पत्र लिएर मात्र व्यापार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं । ६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं । ७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं । ८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं । ९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।**

| | |
|---|---|
| बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा | अर्नमा गाउँपालिका कार्यालय, सिरहा |
| नवराजपुर गाउँपालिका कार्यालय, सिरहा | भगवानपुर गाउँपालिका कार्यालय, सिरहा |
| लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा | औरही गाउँपालिका कार्यालय, सिरहा |
| सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा | विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा |


लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)